# न्याय प्रशासन सुधार ऐन, २०३१ द्वारा हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन

नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# <u>न्याय प्रशासन सुधार ऐन, २०३१</u>

लालमोहर र प्रकाशन मिति
२०३१।४।१८

२०३१ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

<u>न्याय प्रशासनमा सामयिक सुधार गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u> सर्वसाधारण जनताको सुविधा कायम राख्न, न्याय छिटो, कम खर्चिलो र सुलभ गराउन र मुद्दामा लाग्ने अनावश्यक समय, श्रम र खर्च बचाई विकासको काममा लगाउन सकिने अवस्था सिर्जना गर्नको लागि न्याय प्रशासनमा सामयिक सुधार गर्न आवश्यक भएकोले,

<u>श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव</u>बाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ:</u> (१) यो ऐनको नाम "न्याय प्रशासन सुधार ऐन, २०३१" रहेको छ ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

.......................................................................................

३१. <u>खारेजी र संशोधनः</u> (१) अनुसूची ४ मा लेखिएका ऐनहरु सोही अनुसूचीमा लेखिएको हदसम्म खारेज गरिएको छ ।

(२) अनुसूची ५ मा लेखिएका ऐनहरु सोही अनुसूचीमा लेखिए बमोजिम संशोधन गरिएको छ ।

अनुसूची-५

(दफा ३१ को उपदफा (२) सँग सम्बन्धित)

| क्र.सं. | ऐनको नाम | संशोधन |
|---|---|---|
| १९. | हातहतियार खरखजाना ऐन, २०१९ | दफा २४ को उपदफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरुको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरु राखिएको छ। |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय